नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

**बकर ईद (ईद उल अजहा) पर्व, २०८२ को शुभकामना सन्देश।**

इस्लाम धर्मावलम्वीहरुको महान् चाड बकर ईद (ईद उल अजहा) पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मुस्लिम समुदायको ठूलो चाडको रुपमा रहेको यो पर्व आपसी रिस, राग र द्वेषलाई बिर्सेर भाइचारा र पारिवारिक मिलनको रुपमा मनाउने गरिन्छ। नेपाल जस्तो भौगोलिक, जातीय र सांस्कृतिक विविधता भएको समाजमा आत्मशुद्धी, लोभलालचको त्याग, आपसी द्वन्द्व र वैमनस्यता हटाउँदै परोपकारमा समर्पीत हुन प्रेरित गर्न यस्ता पर्वको महत्व रहेको हुन्छ । विविधताका बीच विभिन्न यी र यस्तै पर्वहरुले हाम्रो मुलुकमा धार्मिक सहिष्णुता, सामाजिक सद्भावको वातावरणलाई अझ मजबुत बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा, यस बकर ईद (ईद उल अजहा) पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एंव भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्ध गर्न प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८२ जेठ २४ गते शनिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख